# ५.पूर्वानुमानित कर

## १. पूर्वानुमानित कर भनेको के हो ?

*पूर्वानुमानित कर भनेको आय विवरण पेश गर्नु नपरी वार्षिक रुपमा तिर्नु पर्ने कर रकम बारे आयकर ऐनको अनुसूची १ (करको दर सम्बन्धी) अनुसार तोकिएको अवस्थामा तोकिएको एकमुष्ट रकम तिरे पुग्ने कर हो । यस्तो कर अन्तर्गत साना करदाताहरु (रु.२ लाख सम्म आय हुने वा रु.२० लाखसम्म कारोवार हुने नेपालमा श्रोत भएको व्यवसायबाट मात्र आय प्राप्त हुने बासिन्दा प्राकृतिक व्यक्ति) ले छनौट गरी र औषधि उपचार खर्च वापत वा अग्रिम कर कट्टी वापत कर मिलान गर्न दावी नगर्ने अवस्थामा गा.वि.स.मा रु.१५००, नगरपालिकामा रु.२५०० तथा म.न.पा. तथा उ.म.न.पा. हरुमा रु.५०००।- वार्षिक आयकर तिरे पुग्ने हुन्छ । यस्तो करदाताका लागि बुझाउनु पर्ने आय विवरण पनि सरल हुन्छ । पूर्वानुमानित कर तिर्न पाउने करदाताले सो करको सट्टा पूर्ण ढाँचाको आय विवरण (कर कट्टी मिलान गर्न दावी सहितको) र प्राकृतिक व्यक्ति (दम्पत्ति समेत)का लाग लाग्ने सामान्य करको दरमा (१५%, र २५% दर अनुसार) कर तिर्न चाहेमा सो गर्न पाउँछन् । स्मरणीय छ, VAT मा अनिवार्य रुपले दर्ता हुनु पर्ने Threshhold पनि रु. २० लाखको कारोवार छ ।*

*त्यसै गरी भाडाका सवारी साधनधनीले निश्चित तोकिएको वार्षिक रकम तिरी फरफारक हुन (प्राकृतिक व्यक्तिका हकमा मात्र) पाउँछन् । भाडाका सवारी साधन धनीले प्रति सवारी साधनमा बुझाउनु पर्ने वार्षिक कर रकम निम्नानुसार छ ।*

*वार्षिक कर प्रति सवारी साधन*

| | |
|---|---|
| (क) मिनिबस, मिनिट्रक, ट्रक र बस | रु.१५००।- |
| (ख) कार जिप, भ्यान, माइक्रो बस | रु.१२००।- |
| (ग) थ्रिह्विलर, अटो रिक्सा, टेम्पो | रु.८५०।- |

*(घ) ट्रेक्टर र पावर टिलर* *रु.७५०।-*

**२. यो कर कसले बुझाउनु पर्दछ ?**

*सबै भाडाका सवारी साधन धनीले र छनौट गर्ने साना करदाताले (बासिन्दा प्राकृतिक व्यक्ति) व्यवसायको आयमा पूर्वानुमानित कर तिर्दछन् । छनौट गर्ने साना करदाता (रु.२ लाख वार्षिक आय तथा रु.२० लाख कारोवार रकमभन्दा कमका) ले औषधि खर्च वापत वा अग्रिम कर कट्टी वापत कर मिलानको दावी गर्न पाउँदैन ।*

**३. पूर्वानुमानित करमा कति रकम बुझाउनु पर्दछ ?**

*पूर्वानुमानित कर अन्तर्गत व्यवसाय गर्ने बासिन्दा प्राकृतिक व्यक्तिले छनौट गरेमा म.न.पा. र उप म.न.पा. क्षेत्रका करदाताले रु.५०००।- वार्षिक, नगरपालिका क्षेत्रका करदाताले रु.२५००।- वार्षिक कर तथा अन्य क्षेत्रका करदाताले रु.१५००।- वार्षिक कर तिरे पुग्दछ । प्राकृतिक व्यक्ति भाडाका सवारी साधन धनीको हकमा प्रतिसवारी साधन ट्रेक्टर र पावर टिलरको लागि रु.७५०।-, थ्रि ह्विलर र टेम्पोको लागि रु.८५०।-, कार, जिप, भ्यान, माइक्रो बसको लागि रु.१२००।- तथा मिनिबस, बस, मिनिट्रक वा ट्रकको लागि वार्षिक रु.१५००।- कर तिर्नु पर्दछ र यो भाडाका सवारी साधन धनीका लागि अनिवार्य व्यवस्था हो ।*

**४. यो कर कहाँ बुझाउनु पर्छ ?**

*पूर्वानुमानित करको रकम नजिकको (सम्बन्धित) आ.रा.का.मा. बुझाउनु पर्दछ । नगद रकम बैंक दाखिला गरी भौचर सहित सरलिकृत आय विवरण सम्बन्धित आ.रा.का.मा बुझाउनु पर्दछ । यी बिद्युतीय माध्यमबाट पनि बिभागको www.ird.gov.np मा गएर e-return मा गएर online को माध्यमवाट आन्तरिक राजस्व कार्यालयमा नगई बिबरण दाखिला गर्न सकिन्छ ।*

**५. पूर्बानुमानित कर अरुले बुझाइ दिन मिल्छ, मिल्दैन ?**

*जो सुकैले करदाताको तर्फबाट करको रकम बैंकले दाखिला गर्न सक्दछ तर आय विवरणमा करदाता आफैंले वा अधिकृत वारेसले दस्तखत गरी विवरण बुझाउनु पर्दछ ।*

## ६. पूर्वानुमानित कर बुझाउदा आय विवरण बुझाउनु पर्छ पर्दैन ?

*पूर्वानुमानित कर बुझाउँदा सरलीकृत ढांचाको (आ.रा.वि.फा.नं.३) आय विवरण भरी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाउनु पर्दछ ।*

## ७. पूर्वानुमानित कर कहिले बुझाउनु पर्दछ ?

*अरु आय विवरण बुझाउन आयकर ऐनले निर्धारण गरेको म्याद अर्थात् गत आ.व.को कर रकम चालु आ.ब.को आश्विन मसान्तभित्र बुझाउनु पर्दछ ।*

## ८. पूर्वानुमानित कर बुझाए पछि के निस्सा/प्रमाण पाइन्छ ?

*पूर्वानुमानित कर बुझाएपछि र सोको जानकारी सहितको आय विवरण दाखिला गरेपछि सम्बन्धित आ.रा.का.ले सोही विवरण फारामको पुछारमा रहेको निस्सामा कर दाखिला भएको व्यहोरा प्रमाणित गरी अर्धकट्टी प्रमाणको रुपमा करदाताले दिने गर्दछ । बिद्युतीय माध्यमबाट बिबरण दाखिला गर्नेको हकमा बिबरण सबमिशन भए पछि प्राप्त कम्प्युटर प्रणालीवाट प्राप्त निस्सा नै विवरण दाखिलाको प्रमाण हो ।*

## ९. पूर्वानुमानित कर ढीला बुझाएमा के हुन्छ ?

*पूर्वानुमानित कर ढीला बुझाएमा विवरण ढिला बुझाए वापत शुल्क र कर ढिला बुझाए वापत ब्याज लाग्दछ ।*

## १०. एउटा कार्यालयमा दर्ता भएको व्यवसायीले अर्को कार्यालयमा पूर्वानुमानित कर बुझाउन पाइन्छ पाइदैन ?

*कर रकम सम्बन्धित राजश्व शीर्षकमा जुनसुकै (जहाँसुकैको) बैंकमा बुझाए पनि सोको भौचर सहितको आय विवरण आफुल PAN लिएको सम्बन्धित आ.रा.का.मा(कारोवार स्थल परिवर्तन भएको भए सोको सूचना आन्तरिक राजस्व कार्यालयलाई दिई नयाँ परिवर्तित स्थलसँग सम्बनिधत आन्तरिक राजस्व कार्यालयमा) विवरण दाखिला गर्नुपर्दछ । कारोवार स्थलको ठेगाना परिवर्तन भएको भए अहिलेको (परिवर्तित) कारोवार स्थलको भौगोलिक अवस्थिति हेरी म.न.पा.वा उप.म.न.पा. भए सोही अनुसारको दरले कर दाखिला गर्नु पदृछ र अन्यत्र भए सोही अनुसारको दरले कर दाखिला गर्नु पदृछ ।*

**११. कारोवार नभएको अवस्थामा पनि पूर्वानुमानित कर वुझाउनु पर्दछ ?**

*पूर्वानुमानित करको छनौट गर्ने करदाता प्राकृतिक व्यक्तिले कारोवार भए पनि (रु.२० लाखभन्दा कमको कारोवार भएमा) नभएपनि पूर्वानुमानित कर तिर्नु पर्दछ । तर पूर्वानुमानित करको छनौट नगरी कारोवार अनुसारको विवरण र मुनाफा वा नोक्सान देखाई स्वयंकर निर्धारण गरी अर्को आय विवरण बुझाउन करदाताले पाउँछ ।*

**१२. पूर्वानुमानित कर बुझाउनेले औषधी उपचार खर्च वापत वा अग्रिम कर कट्टै वापत कर मिलान गर्न दावी गर्न सक्दछ कि सक्दैन ?**

*पूर्वानुमानित कर बुझाउने बासिन्दा प्राकृतिक व्यक्तिले औषधि उपचार खर्च वापत वा अग्रिम कर कट्टी वापत कर मिलान गर्न दावी गर्न पाउँदैन ।*

**१३. पूर्वानुमानित कर बुझाउनेले कुन आय विवरण भर्नु पर्दछ ?**

*पूर्वानुमानित कर बुझाउनेले सरलिकृत ढाँचाको 'फाराम-आयकर-डे-०१-०३-०३-६४' मा आय विवरण भर्नुपर्दछ । डे. भनेको डेबिट बिबरण हो भने अन्य संकेतले पुर्वानुमानित बिबरणको संकेत गर्दछ ।*

**१४. पूर्वानुमानित कर बुझाउनेको कारोवार र आयको सीमा कति कति छ ?**

*पूर्वानुमानित कर बुझाउनेको आर्थिक वर्ष २०६६।६७ को आय वर्षमा वार्षिक कारोवारको अधिकतम सीमा रु.२० लाख तथा वार्षिक आयको सीमा रु.२ लाख छ । स्मरणीय छ, VAT मा अनिवार्य दर्ता हुनु नपर्ने Thresh hold को सीमा पनि रु.२० लाखको कारोवार छ ।*

**१५. व्यवसाय बाहेक अरु श्रोतको पनि आय भए के गर्नु पर्दछ ?**

*व्यवसाय बाहेक अरु श्रोतको पनि आय भएमा पूर्वानुमानित कर तिर्न पाईंदैन र स्वयंकर निर्धारण गरी करको सामान्य दरले गणना गरी आय विवरण बुझाउने र कर दाखिला गर्नु पर्दछ । गैर बासिन्दाव्यक्तिले व्यवसायको मात्र आय भए पनि पूर्वानुमानित कर तिर्न पाउँदैन र सामान्य दरले कर तिर्नु पर्दछ । यसैगरी पूर्वानुमानित कर तिर्न*

*पाउने सुविधा प्राकृतिक व्यक्तिलाई मात्र प्राप्त छ, साझेदारी फर्म वा कम्पनी वा अन्य निकायले पूर्वानुमानति कर तिर्न पाउँदैनन् ।*

**१६. भाडाको सवारी साधनमा कसले र कति आयकर बुझाउनु पर्दछ ? के यस्तो कर रकम अन्तिम कर मानिन्छ ?**

*भाडाका सवारी साधन धनीले प्रति सवारी साधन निम्नानुसार आयकर तिर्नु पर्दछ । प्राकृतिक व्यक्तिका लागि यस्तो कर रकम अन्तिम मानिन्छ तर कम्पनी लगायत निकायका भाडाका सवारी साधनका हकमा यो कर बुझाउन अनिवार्य भए पनि यो अन्तिम कर होइन र आय विवरणमा स्वयं कर निर्धारण गरी कर दाखिला गर्नु पर्दछ । यसरी कर दाखिला गर्दा सवारी साधन पिच्छे तिरेको कर रकम मिलान भने गर्न पाइन्छ ।*

| | वार्षिक कर |
|---|---|
| (क) मिनि बस, मिनि ट्रक, ट्रक र बस | रु.१५००।- |
| (ख) कार, जिप, भ्यान, माइक्रो बस | रु.१२००।- |
| (ग) थ्रिह्विलर, अटो रिक्सा, टेम्पो | रु.८५०।- |
| (घ) ट्रेक्टर र पावर टिलर | रु.७५०।- |

**१७. भाडाको सावरी साधन धनी कम्पनी भएमा सवारी साधन पिच्छे लाग्ने कर तिर्नु पर्दछ कि पर्दैन यसरी कर तिर्नु पर्‍यो भने यस्तो कर रकम वार्षिक कर दायित्वमा मिलान गर्न पाइन्छ कि पाइदैन ?**

*कम्पनी भाडाको सवारी साधन धनी भए पनि प्रति सवारी साधन लाग्ने कर तिर्नु पर्दछ । तर यो अन्तिम कर नभई अग्रीम कर कट्टी भएकोले वार्षिक कर दायित्वमा मिलान गर्न पाईन्छ ।*